## जिल्ला समन्वय समिति, काठमाण्डौको मिति २०७६।०४।०७ गते बसेको बैठकको निर्णयहरु

१) आगामी तेस्रो जिल्ला सभा मिति २०७६ श्रावण २४ गते शुक्रबारको दिन जि.स.स. काठमाण्डौको सभा हलमा गर्ने निर्णय गरियो ।

२) महालेखापरिक्षकको कार्यालयको मिति २०७५।०९।२४, च.नं. ६९६ को पत्रानुसार जि.स.स. काठमाण्डौका प्रमुख, उप–प्रमुख तथा सदस्यहरुको सुविधा सम्बन्धमा दशै पेश्की तथा सन्चार सुविधा बापत देखिएको बेरुजुको विषयमा बैठकमा जानकारी गरियो ।

३) यस कार्यालयमा कार्यरत करार सेवाका तपसील बमोजिमका कर्मचारीहरुको करार अवधि २०७६ आषाढ मसान्तसम्म रहेकोले करार अवधि समाप्त भएका तथा करार अवधि समाप्त हुन लागेका कर्मचारीलाई म्याद थप गरि करार सेवामा काममा लगाउने निर्णय गरियो ।

तपसिल

जि.स.स. प्रमुख ज्यूको निजी सचिव श्री कृष्ण श्रेष्ठ,
ह.स.चा. श्री बलराम श्रेष्ठ,
ह.स.चा. श्री कुमार खत्री क्षेत्री,
ह.स.चा. श्री मेंघ बहादुर खड्का,
का.स. श्री नहकुल पोखरेल,
का.स. श्रीमति सुनिता घिमिरे ।

४) यस कार्यालयमा संचालित चमेना गृह (क्यान्टिन) संचालनको सम्झौता अवधि २०७६ आषाढ मसान्तसम्म रहेको र सम्झौताको बुदाँ नं. ११ मा कार्य सन्तोषजनक भएमा कार्यालयले म्याद थप गर्न सक्ने व्यवस्था भए अनुसार, सो चमेना गृह (क्यान्टिन) संचालनको अवस्थाको अध्ययन गरि सन्तोषजनक ढंगबाट संचालन भएको पाईएमा थप १ (एक) वर्ष २०७७ साल आषाढ मसान्तसम्म म्याद थप गर्ने गरि सम्झौता नविकरण गर्ने निणर्य गरियो ।

५) जि.स.स. काठमाण्डौको सभा हल सुधार तथा स्तरोन्नति सम्बन्धी कार्य गर्न परामर्श सेवा लिई DPR तयार गरि खुला सूचना मार्फत टेण्डर आव्हान गरि हलको मर्मत सुधार गर्ने तथा जि.स.स. भवनमा रहेको लिफ्ट विगत लामो समय देखि संचालनमा नरहेको र जसका कारण यस भवनमा सेवा लिन आउने सेवाग्राहीलाई प्रत्यक्ष रुपमा असर परेकाले, जि.स.स. को आन्तरिक कोषबाट आवश्यक बजेटको व्यवस्था गरी लिफ्ट मर्मत सुधारको कार्य गर्ने निणर्य गरियो ।

६) आगामी तेस्रो जिल्ला सभालाई व्यवस्थित रुपमा संचालन गर्नका लागि जि.स.स. उप–प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिमका सदस्य सहितको जिल्ला सभा तयारी समिति गठन गर्ने निणर्य गरियो । सो समितिले जि.स.स. को तेस्रो जिल्ला सभाको लागि पेश गर्ने नीति, योजना तथा कार्यक्रम समेत तयार गर्ने ।

तपसिल

संयोजक : जि.स.स. उप–प्रमुख श्री सरिता दाहाल,
सदस्य : जि.स.स. सदस्य श्री उद्धव भण्डारी,
सदस्य : जि.स.स. सदस्य श्री रघुनाथ तिमिल्सिना,
सदस्य : जि.स.स. सदस्य श्री सावित्रा ढकाल,
सदस्य : जि.स.स. सदस्य श्री शिला चर्मकार,
सदस्य–सचिव : शा.अ. श्री लक्ष्मी सुन्दर अवाल, जि.स.स. काठमाडौं